बैठक मितिः २०८०/१/२६

बैठक सङ्ख्याः २३

छलफल तथा निर्णयः

१. सङ्घीय सरकारबाट प्रदेश सरकार तथा स्थानीय तहलाई प्रदान गरिने समपूरक अनुदानमार्फत सम्बन्धित प्रदेश सरकार तथा स्थानीय तहमा कार्यान्वयन गरिने आयोजना/कार्यक्रमको लागि समपूरक अनुदान सम्बन्धी (तेस्रो संशोधन) कार्यविधि, २०७७ बमोजिम प्रस्ताव आह्वान गरिएकोमा प्राप्त प्रस्तावहरुको मूल्याङ्कन गरी आगामी आ.व.२०८०/८१ का लागि समपूरक अनुदान अन्तर्गत प्रदेश सरकार तथा स्थानीय तहबाट सञ्चालन गरिने नयाँ तथा क्रमागत आयोजना/कार्यक्रमका लागि राष्ट्रिय स्रोत समितिबाट प्रदेशतर्फ रु. ६२२.१६ करोड र स्थानीय तहतर्फ रु. ७०४.५७ करोड गरी कुल रु. १३२६.७३ करोड बजेट सीमा प्राप्त भए बमोजिम उल्लिखित बजेट सीमा भित्र रही प्रदेश सरकारतर्फ ७६ आयोजना/कार्यक्रमका लागि रू. ६२२.१६ करोड तथा स्थानीय तहतर्फ ९३२ आयोजना/कार्यक्रमका लागि रु. ७०४.५७ करोड बजेट विनियोजन गर्न "समपूरक अनुदान आयोजना/कार्यक्रम छनौट समिति" बाट सिफारिस भएबमोजिम छनौट भएका आयोजना/कार्यक्रमको संलग्न विवरण जानकारी तथा आवश्यक कार्यार्थ अर्थ मन्त्रालयमा पठाउने।

२. सङ्घीय सरकारबाट प्रदेश सरकार तथा स्थानीय तहलाई प्रदान गरिने विशेष अनुदानमार्फत सम्बन्धित प्रदेश सरकार तथा स्थानीय तहमा कार्यान्वयन गरिने आयोजना/कार्यक्रमको लागि विशेष अनुदान सम्बन्धी (तेस्रो संशोधन) कार्यविधि, २०७७ बमोजिम प्रस्ताव आह्वान गरिएकोमा प्राप्त प्रस्तावहरुको मूल्याङ्कन गरी आगामी आ.व.२०८०/८१ का लागि सङ्घीय विशेष अनुदान अन्तर्गत प्रदेश सरकार तथा स्थानीय तहबाट सञ्चालन गरिने नयाँ तथा क्रमागत आयोजना/कार्यक्रमका लागि राष्ट्रिय स्रोत समितिबाट प्रदेशतर्फ रु. ४४५.७९ करोड र स्थानीय तहतर्फ रु. ८७२.६९ करोड गरी कुल रु. १३१८.४८ करोड बजेट सीमा प्राप्त भएबमोजिम उल्लिखित बजेट सीमाभित्र रही प्रदेश सरकारतर्फ ६४ आयोजना/कार्यक्रमका लागि रु. ४४५.७९ करोड तथा स्थानीय तहतर्फ ९२८ आयोजना/कार्यक्रमका लागि रु. ८७२.६९ करोड बजेट विनियोजन गर्न "विशेष अनुदान आयोजना/कार्यक्रम छनौट समिति" बाट सिफारिस भएबमोजिम छनौट भएका आयोजना/कार्यक्रमको संलग्न विवरण जानकारी तथा आवश्यक कार्यार्थ अर्थ मन्त्रालयमा पठाउने।

३. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, लुम्बिनी प्रदेशको पत्रबाट उजिरसिंह रंगशाला निर्माण आयोजना बुटवललाई राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना निर्धारण गर्न सिफारिस भै आए अनुसार राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना निर्धारण गर्ने मापदण्ड, २०७९ अनुसार उक्त आयोजनालाई राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना निर्धारण गर्ने।